आर्थिक वर्ष 2025 (रेइवा 7)

# एचआईभी तथा अन्य यौनजन्य रोग (STI) परीक्षण सम्बन्धी जानकारी

(City of Osaka Testing Info.)

- एचआईभी परीक्षण गर्नु आवश्यक छ। सिफिलिस, क्लामाइडिया, वा हेपाटाइटिस बी को लागि मात्र छुट्टाछुट्टै परीक्षणहरू उपलब्ध छैनन्।
- परीक्षण नि:शुल्क र गुमनाम छ। नतिजा सम्बन्धित व्यक्तिलाई सिधै जानकारी गराइनेछ। कृपया ध्यान दिनुहोस् कि नतिजा फोन, इमेल वा मेल मार्फत दिइने छैन।
- यदि तपाईंलाई ज्वरो वा खोकी जस्ता श्वासप्रश्वासका लक्षणहरू छन् भने, कृपया परीक्षण नगर्नुहोस्।
- थप जानकारीको लागि, कृपया हाम्रो वेबसाइटमा जानुहोस् वा हामीलाई सिधै सम्पर्क गर्नुहोस्।

| परीक्षण स्थान, सम्पर्क जानकारी | स्टेशन | परीक्षण प्रकार | | नतिजा मिति | अग्रिम बुकिङ | सोम | मंगल | बुध | बिही | शुक्र | शनि | आइत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| किता वार्ड अफिस<br>(सार्वजनिक स्वास्थ्य तथा कल्याण केन्द्र) २ तला<br>06-6313-9882 | JR लूप लाइन – टेमा स्टेशन<br>वा<br>ओसाका मेट्रो साकाइसुजी लाइन – ओगिमाची स्टेशन, निस्कने बाटो 2-B | नियमित परीक्षण | एचआईभी सिफलिस क्लामाइडिया | (*1)<br>परीक्षण गरेको लगभग 1 हप्ता पछि नतिजा दिइनेछ। | अपोइन्टमेन्ट आवश्यक छैन | बिहान 9:30 ~ बिहान 11:00 | — | दिउँसो 2:00 ~ दिउँसो 3:30 | — | बिहान 9:30 ~ बिहान 11:00<br>(*3)<br>रातको समयमा परीक्षण | — | — |
| चुओ वार्ड अफिस<br>(सार्वजनिक स्वास्थ्य तथा कल्याण केन्द्र) २ तला<br>06-6267-9882 | ओसाका मेट्रो साकाइसुजी / चुओ लाइन<br>साकाइसुजी-होम्माची स्टेशन, निस्कने बाटो 3 | | | | | — | बिहान 9:30 ~ बिहान 11:00 | बिहान 9:30 ~ बिहान 11:00 | बिहान 9:30 ~ बिहान 11:00 | — | — | — |
| योडोगावा वार्ड अफिस<br>(सार्वजनिक स्वास्थ्य तथा कल्याण केन्द्र) २ तला<br>फोन: 06-6308-9882 | हान्क्यु रेलवे – जुसो स्टेशन, पूर्वी निस्कने बाटो | | | | | दिउँसो 2:00 ~ दिउँसो 3:30 | बिहान9:30 ~ बिहान 11:00 | — | — | — | — | — |
| **चुओ वार्ड कार्यालय**<br>**(सार्वजनिक स्वास्थ्य तथा कल्याण केन्द्र) २औं तला**<br>**फोन: 06-6267-9882** | ओसाका मेट्रो सकाइसूजी / चुओ लाइनहरू<br>सकाइसूजी-होम्माचि, निस्कने ठाउँ (Exit 3) | र्‍यापिड परीक्षण | एचआईभी मात्र | (*2)<br>नतिजा परीक्षणको दिन दिइनेछ (परीक्षण भएको लगभग 2 घण्टा पछि) | | — | — | — | — | दिउँसो 2:00 ~ दिउँसो 3:00<br>**परीक्षण प्रत्येक पहिलो शुक्रबार** | — | — |
| **chot CAST**<br>(परीक्षण, परामर्श र समर्थनको लागि सञ्चार केन्द्र)<br>21 शिन्साइबाशी भवन ४ औं तलामा<br>1-7-30 हिगाशी-शिन्साइबाशी, चुओ-कु<br>【परीक्षण सम्बन्धी जानकारीको लागि】<br>स्मार्ट लाइफ क्लिनिक<br>फोन: 06-4708-5035<br>(यो नम्बर परीक्षण हुने समयमा मात्र उपलब्ध छ) | ओसाका मेट्रो मिडोसुजी लाइन शिन्साइबाशी स्टेशन, निस्कने ठाउँ (Exit 5 र 6)<br>वा<br>ओसाका मेट्रो सकाइसूजी लाइन नगहोरीबाशी स्टेशन, निस्कने ठाउँ (Exit 7) | नियमित परीक्षण | एचआईभी सिफलिस हेपाटाइटिस बी | परीक्षण गरेको लगभग 1 हप्ता पछि नतिजा दिइनेछ। | | — | 6:00 PM ~ 7:50 PM<br>**केवल: ५० जना।**<br>**(पहिले आउनेलाई पहिलो सेवा)** | — | — | — | — | — |
| | | र्‍यापिड परीक्षण | | (*2)<br>नतिजा परीक्षणको दिन दिइनेछ (परीक्षण भएको लगभग 1-2 घण्टा पछि) | (*4)<br>अपोइन्टमेन्ट आवश्यक छ | — | — | — | साँझ 6:00 ~ साँझ 7:30 | — | दिउँसो 2:00 ~ दिउँसो 3:30 | दिउँसो 2:00 ~ दिउँसो 3:30<br>(*5)<br>**अनुवादक उपलब्ध छ** |

### ★ परीक्षण नतिजा सूचनाको बारेमा

(*१) यदि नतिजा सूचना अवधि वर्षको अन्त्य/नयाँ वर्ष बिदा, गोल्डेन वीक, वा अन्य सार्वजनिक बिदाहरूसँग ओभरल्याप हुन्छ भने, तपाईंको नतिजा प्राप्त गर्न एक हप्ता भन्दा बढी समय लाग्न सक्छ।

(*२) यदि र्‍यापिड टेस्ट नतिजाले "पुष्टि परीक्षण आवश्यक" संकेत गर्छ भने, अन्तिम नतिजा सुरुमा निर्धारित मिति भन्दा लगभग एक हप्ता पछि उपलब्ध हुन सक्छ।

### ★ परीक्षण उपलब्ध नहुने दिन/अवधिहरू



सार्वजनिक बिदा, वर्षको अन्त्य/नयाँ वर्षको बिदा, र सरकारी कार्यालय बन्द हुने दिनहरूमा परीक्षण हुँदैन।

**chotCAST** ओबोन बिदाको कारणले अगस्ट **13** देखि अगस्ट **15** सम्म बन्द रहन्छ।

### ★ वार्ड कार्यालयहरूमा परीक्षण स्थगन वा रद्द गरिन सक्ने अवस्थाहरू

वार्ड कार्यालयहरूमा परीक्षण गराउने व्यक्तिको संख्या निश्चित नगरी, धेरै व्यक्तिहरूलाई परीक्षणको अवसर दिनु मुख्य उद्देश्य हो। तर, निम्न अवस्थाहरूमा परीक्षण दर्ता अग्रिम सूचना वा सूचना बिना नै अस्थायी रूपमा स्थगन वा पूर्ण रूपमा रद्द गरिन सक्छ:

- धेरै व्यक्तिहरू एकैचोटि परीक्षणका लागि उपस्थित भएमा
- आगन्तुकहरूको संख्या अपेक्षाभन्दा धेरै भएमा
- प्राकृतिक प्रकोप उत्पन्न भएमा
- असुरक्षित अवस्था भएको कारण परीक्षण नगर्ने निर्णय गरिएमा

यस प्रकारका अवस्थामा, परीक्षणको दर्ता बिना कुनै पूर्व सूचना बिना रोक्न वा रद्द गर्न सकिनेछ।

### ★ (*3) *कितावार्ड रातको परीक्षण (पाँचौं शुक्रबार)* जम्मा: 100 जना (पहिला आउनेलाई प्राथमिकता दिइनेछ)

परीक्षण हुने मिति र समय: 2025 मे 30, अगस्ट 29, अक्टोबर 31, 2026 जनवरी 30 साँझ 6:00 बजेदेखि 7:30 बजेसम्म

स्थान: सार्वजनिक स्वास्थ्य तथा कल्याण केन्द्र, कितावार्ड कार्यालय, पहिलो तल्लामा

### ★ (*4) chot CAST र्‍यापिड परीक्षणको अग्रिम बुकिङ बिहीबार, शनिबार र आइतबारको लागि

Smart Life Clinic को "एचआईभी परीक्षण आरक्षण वेबसाइट" मार्फत अग्रिम बुकिङ गर्न सकिन्छ।

परीक्षण मितिको दुई हप्ता अघिदेखि एक दिन अघि सम्म बुकिङ गर्न सकिन्छ।

(उदाहरण: यदि परीक्षण अप्रिल 17 (बिहीबार) मा हुने हो भने, अप्रिल 4 (शुक्रबार) बिहान 0:00 बजेदेखि अप्रिल 16 (बुधबार) राति 11:59 बजेसम्म आरक्षण गर्न सकिन्छ।)

Cho CAST आरक्षण

एचआईभी परीक्षण आरक्षणको

Smart Life Clinic

### ★ (*5) chot CAST मा परीक्षणको लागि बुकिङ जापानी भाषा बोल्न कठिन हुने व्यक्तिहरूका लागि अनुवादक सहयोग उपलब्ध छ।

"अनुवादक सहयोगसहितको र्‍यापिड परीक्षण" महिनामा एक पटक आइतबार 14:00 देखि 15:30 सम्म उपलब्ध छ।

अन्य परीक्षण मितिहरू (2025): अप्रिल 6, मे 11, जुन 1, जुलाई 6, अगस्ट 3, सेप्टेम्बर 7, अक्टोबर 5, नोभेम्बर 2, डिसेम्बर 7  2026 मा: जनवरी 11, फेब्रुअरी 1, मार्च 1  उपलब्ध भाषाहरू: चिनियाँ र भियतनामी

"एचआईभी परीक्षण आरक्षण वेबसाइट" मार्फत बुकिङ गर्न सकिन्छ।

**यदि वेबसाइट प्रयोग गर्न गाह्रो भएको छ भने, तपाईं "एचआईभी/एड्स सम्बन्धी बहुभाषिक टेलिफोन परामर्श सेवा" मा फोन गरेर (यो पृष्ठको पछाडि Q4★ हेर्नुहोस्) बुकिङ गर्न सक्नुहुन्छ।**

वेबसाइट: [http://www.smartlifeclinic.com/](http://www.smartlifeclinic.com/)

**परीक्षणसम्बन्धी जानकारी यो पृष्ठको पछाडि पनि**

## परीक्षणको लागि प्रश्नोत्तर

### Q1: परीक्षण विधिहरू के के हुन्?

・एचआईभी, सिफिलिस र हेपाटाइटिस बी जाँच गर्दा, "रगत परीक्षण" गरिन्छ। (कुनै आहार प्रतिबन्ध आवश्यक छैन।)

・क्लामिडिया जाँच गर्दा, "पिसाब परीक्षण" गरिन्छ।

पिसाबको नमुना सङ्कलन भिडियो हेर्नुहोस् →

सही परीक्षणको नतिजा प्राप्त गर्न, कृपया परीक्षण गर्नुभन्दा लगभग एक घण्टा अघि पिसाब नगर्नुहोस्।

### Q2: कहिले परीक्षण गराउने?

यौनजन्य रोगको प्रारम्भिक चरणमा संक्रमण पत्ता लगाउन नसकिने अवस्थालाई "विन्डो पिरियड" भनिन्छ, र यो अवस्था व्यक्तिपिच्छे फरक हुन सक्छ।



बिप्पी

**संक्रमणको सम्भावित जोखिमपछि निम्न समयावधि "विन्डो अवधि" मानिन्छ, कृपया ध्यान दिनुहोस्।**

तपाईंले पहिले नै परीक्षण गर्न सक्नुहुन्छ, तर हामी तपाईंलाई नतिजा पुष्टि गर्न फेरि परीक्षण गर्न सिफारिस गर्छौं।

・ **एचआईभी:** करिब 4 देखि 8 हप्ता (संक्रमणको जोखिमपछि 3 महिनामा निश्चित निदान सम्भव हुन्छ)

※सूचना: यदि तपाईं PrEP (पूर्व-सम्पर्क रोकथाम औषधि) सेवन गरिरहनुभएको छ भने, नियमित परीक्षण गर्न आवश्यक हुन्छ।

**सिफिलिस :** "नियमित परीक्षण": करिब 4 हप्त "उही दिनको परीक्षण": संभावित जोखिमपछि करिब 12 हप्ता

**क्लामाइडिया**: करिब 3 दिनदेखि 3 हप्ता

**हेपाटाइटिस बी**: करिब 3 महिना

(Osaka Medical Facilities Information System)

### Q3: यौन संक्रामक रोग (एसटीआई) को आशंका हुने लक्षणहरू देखिएमा के गर्ने?

लक्षण देखिएको अवस्थामा केवल परीक्षण मात्र नगरी, कृपया स्वास्थ्य संस्थामा पनि सम्पर्क गर्नुहोस्।

सम्बन्धित विभागहरू: पुरुषहरूका लागि युरोलोजी, महिलाहरूका लागि स्त्रीरोग विभाग, छाला रोग विभाग, यौन रोग विभाग।

तपाईंले "मेडिकल इन्फर्मेसन नेट (Navii)" मार्फत ओसाका प्रिफेक्चरमा क्लिनिक र अस्पतालहरू खोज्न सक्नुहुन्छ।

यौन संक्रामक रोगको आशंका हुने लक्षणहरूको थप जानकारीका लागि ओसाका सिटीको वेबसाइट हेर्नुहोस्।

### Q4: परामर्शको लागि

**【एचआईभी/एड्सको लागि बहुभाषिक फोन परामर्श】★**

एनपीओ CHARM (सेन्टर फर हेल्थ एन्ड राइट्स अफ माइग्रेन्ट्स)

टेलिफोन: 06-6354-5901

मंगलबार: अंग्रेजी, स्पेनिश र पोर्तुगाली

बुधबार: चिनियाँ

बिहीबार: अंग्रेजी

＊ समय: बिहान 4:00 बजे देखि 8:00 बजे सम्म।

(डिसेम्बर 28 देखि अर्को वर्षको जनवरी 4 सम्म बन्द रहनेछ।)

**【एड्स परामर्श】अपोइन्टमेन्ट आवश्यक छैन**

・जनस्वास्थ्य तथा कल्याण केन्द्र, किता वार्ड कार्यालय

पहिलो र तेस्रो बुधबार – दिउँसो 2:00 बजे देखि 4:00 बजे सम्म

・जनस्वास्थ्य तथा कल्याण केन्द्र, चुओ वार्ड कार्यालय

पहिलो र तेस्रो बिहीबार – बिहान 9:30 बजे देखि 11:30 बजे सम्म

※ सार्वजनिक बिदा, वर्षको अन्त्य र नयाँ वर्षको बिदाबाहेक

**【जनस्वास्थ्य नर्ससँग परामर्श】**

・ओसाका सिटी सार्वजनिक स्वास्थ्य कार्यालय

・प्रत्येक वार्डको जनस्वास्थ्य तथा कल्याण केन्द्र

(ओसाका शहरको वेबसाइट)

(परामर्श सम्बन्धी जानकारीका लागि ओसाका सिटीको वेबसाइट हेर्नुहोस्।)→

### Q5: यदि परीक्षणको नतिजा एचआईभी पोजेटिभ आयो भने के हुन्छ.?

**यदि एचआईभी परीक्षणको नतिजा पोजेटिभ आएको छ भने,**

डाक्टरले तपाईंलाई नतिजाको व्याख्या गर्नेछन् र उपचारका लागि स्वास्थ्य संस्थामा जानको लागि सिफारिस पत्र दिनेछन्।

तपाईंलाई विशेषज्ञ डाक्टर भेट्ने समय मिलाउन र पहिलो भेटको लागि काउन्सेलिङ गर्न पनि सहायता प्रदान गरिन्छ।

・उपचार खर्च कम गर्ने व्यवस्था पनि उपलब्ध छ। यदि तपाईंलाई खर्चको चिन्ता छ भने, स्वास्थ्य संस्थाको सामाजिक कार्यकर्तासँग परामर्श लिनु सक्नुहुन्छ।

・ पहिले एचआईभी (एड्स) लाई मृत्युको रोग भनेर डराइन्थ्यो। तर अहिलेको प्रविधि र उपचारले गर्दा, संक्रमित व्यक्तिहरू पनि अरूजस्तै लामो समय बाँच्न सक्छन्। धेरै व्यक्ति उपचार लिँदै काम वा पढाइ पनि जारी राखिरहेका छन्।

・U = U" भन्ने सन्देश तपाईंले सुन्नु भएको छ?यसको अर्थ हो: **पत्ता नलाग्ने = नसर्ने (U=U)**

यदि तपाईंले सही उपचार लिँदै जानुभयो र तपाईंको शरीरमा रहेको एचआईभी को मात्रा परीक्षणमा पत्ता लगाउन नसकिने (Undetectable) स्तरमा पुग्यो भने,1

**तपाईंले यौन सम्पर्कका माध्यमबाट अरूलाई एचआईभी सर्न दिने जोखिम हुँदैन (Untransmittable)।**

### Q6: यदि परीक्षणको नतिजा सिफिलिस, क्लामाइडिया, वा हेपाटाइटिस बी पोजिटिभ आयो भने के हुन्छ.?

यदि तपाईंको परीक्षण पोजेटिभ आयो भने, डाक्टर वा सार्वजनिक स्वास्थ्य नर्सले तपाईंलाई नतिजाको व्याख्या गर्नेछन्। त्यसपछि, थप परीक्षण र उपचारको लागि स्वास्थ्य संस्थामा जान सिफारिस गरिन्छ।

### Q7: एचआईभी र अन्य यौन रोगहरूको बारेमा थप जान्नको लागि.!

●थप विवरणहरू ओसाका शहरको वेबसाइटमा उपलब्ध छन्।




●पछिल्ला अपडेटहरू X (पहिले ट्विटर) मा पोस्ट




●इन्स्टाग्राम【osakacity_hiv_sti】




【जानकारीको लागि: संक्रामक रोग काउन्टरमेजर विभाग, ओसाका सहर सार्वजनिक स्वास्थ्य कार्यालय टेलिफोन:: 06-6647-0656】